# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

## सिंहदरबार, काठमाडौं

| क्र.सं. | प्रस्तावित शीर्षक | समावेश गर्नुको औचित्य | सम्भावित सामग्री/उप-विषय | लेखक/स्रोत (प्रस्तावित) |
|---|---|---|---|---|
| १ | **माननीय अध्यक्षज्यूको मन्तव्य** | आयोगको वार्षिक दृष्टिकोण र वित्तीय संघीयता सुदृढीकरणका लागि लिइएका रणनीतिक प्राथमिकताहरू सार्वजनिक गर्न। | आयोगका मुख्य उपलब्धि, संवैधानिक दायित्वको पालना र आगामी सुधारका मार्गचित्र। | अध्यक्ष, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग (NNRFC) |
| २ | **नेपालमा वित्तीय संघीयताको अवस्था** | संघीयता कार्यान्वयनका पाँच वर्षको समीक्षा र अन्तर-सरकारी वित्तीय सम्बन्धको वस्तुपरक विश्लेषण। | अधिकारको निक्षेपण (Devolution), स्रोत र साधनको बाँडफाँटको अवस्था तथा कार्यान्वयनका सबल र दुर्बल पक्ष, भविष्यको बाटो। | संघीयता विज्ञ, यस विषयमा खोज अनुसन्धान कर्ता |
| ३ | **समष्टिगत आर्थिक तथा वित्तीय परिदृश्य** | राष्ट्रिय अर्थतन्त्रको बृहत्तर ढाँचामा वित्तीय संघीयताले पारेको प्रभाव र समष्टिगत आर्थिक स्थायित्वको विश्लेषण। | कुल गार्हस्थ्य उत्पादन (GDP) मा प्रदेश र स्थानीय तहको योगदान, राजस्व-जिडिपी अनुपात र सार्वजनिक ऋणको अवस्था। | अर्थ मन्त्रालय (MoF) / नेपाल राष्ट्र बैंक,केन्द्रीय अर्थशास्त्र विभाग, लगायतका निकायको कार्य अनुभव भएका दक्ष, विज्ञ वा यस विषयमा खोज अनुसन्धान कर्ता ।, |
| ४ | **नेपालको संविधान र वित्तीय संघीयताको कानुनी खाका** | वित्तीय संघीयतालाई निर्देशित गर्ने संवैधानिक प्रावधान र कानुनी संयन्त्रहरूको व्याख्या र पुनरावलोकन। | संविधानको धारा ६० र २५१, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, र स्थानीय सरकार | संवैधानिक कानुन विज्ञ, यस विषयमा खोज अनुसन्धान कर्ता |

| | | | | |
|---|---|---|---|---|
| | | | सञ्चालन ऐनको विश्लेषण। | |
| ५ | **वित्तीय समानीकरण अनुदान** | स्रोतको समन्यायिक वितरण र प्रदेश र स्थानीय तहको न्यूनतम् सेवा प्रवाह क्षमता विश्लेषण। | अनुदान वितरणको सूत्र, भार (Weightage), न्यूनतम् अनुदान र कार्यसम्पादनमा आधारित (Performance-based) अनुदानको विश्लेषण। | वित्तीय संघीयता विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता आदि । |
| ६ | **वित्तीय अन्तर (Fiscal Gap) विश्लेषण** | प्रदेश र स्थानीय तहको खर्च आवश्यकता र राजस्व क्षमताबीचको खाडल मापन गरी वित्तीय सन्तुलनको सिंहावलोकन। | न्यूनतम खर्च आवश्यकता (Minimum Expenditure Need), राजस्व क्षमता (Revenue Capacity) र खर्चको एकाइ लागत मापन विधि। | वित्तीय संघीयता विज्ञ ,यस विषयका खोज अनुसन्धान कर्ता , |
| ७ | **सशर्त अनुदानः कार्यान्वयन र प्रभावकारिता** | राष्ट्रिय प्राथमिकताका आयोजनाहरूमा हस्तान्तरित बजेटको उपयोग र त्यसले पुऱ्याएको नतिजा विश्लेषण । | अनुदानका सर्तहरू, आयोजनाको दोहोरोपन र कार्यान्वयनमा देखिएका व्यावहारिक चुनौतीहरू। | विषय विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता , |
| ८ | **समपूरक अनुदान र विशेष अनुदानः पद्धति र छनौट आधार** | स्थानीय र प्रदेश तहका पूर्वाधार विकासमा संघीय साझेदारीको प्रभावकारिता अध्ययन। | आयोजना छनौटको मापदण्ड, लागत साझेदारीको मोडेल,लक्षित कार्यक्रमहरूको प्रभाव, गरिबी न्यूनीकरण र | योजना विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता , |

| | | | | |
|---|---|---|---|---|
| | | | क्षेत्रीय सन्तुलनमा परेको असर। | |
| ९ | **अन्तर सरकारी वित्त हस्तान्तरणः प्रवृत्ति विश्लेषण, समस्या, चुनौति, अन्तर र भविष्यको बाटो** | अन्तर सरकारी वित्त हस्तान्तरण प्रदेश र स्थानीय तहको वित्तीय अन्तर कम गर्न तथा समग्र खर्च आवश्यकता पुरा गर्न संघीय सरकारको भूमिकाट समसामयिक बनाउन। | अन्तरसरकारी वित्त हस्तान्तरणको वर्तमान अवस्था, प्रवृत्ति विश्लेषण, अन्तर्राष्ट्रिय अभ्यास, अन्तर (Policy & Institutional Gaps), सुधारका रणनीति र भविष्यको बाटो | वित्तीय संघीयता विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता , |
| १० | **प्राकृतिक स्रोतको बाँडफाँट र रोयल्टी वितरण** | प्राकृतिक स्रोतबाट प्राप्त लाभको समन्यायिक वितरण र स्रोतमा आधारित द्वन्द्व न्यूनीकरण गर्न। | पर्वतारोहण, विद्युत्, वन, खानी र पानीबाट प्राप्त रोयल्टी बाँडफाँटको हालको ढाँचा र सुधारका क्षेत्र। | प्राकृतिक स्रोत विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता, जनप्रतिनिधि |
| ११ | **राजस्व बाँडफाँटको मोडेल र अन्तर्निहित चुनौती** | मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको बाँडफाँटले तल्लो तहको वित्तीय स्वायत्ततामा पारेको प्रभाव विश्लेषण गर्न। | राजस्व बाँडफाँटको वर्तमान सूत्र, संकलन लागत र संघीय संचित कोषमा यसको योगदान। | राजस्व विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता, जनप्रतिनिधि |
| १२ | **प्रदेश र स्थानीय तहको राजस्व क्षमता र परिचालन** | प्रदेश र स्थानीय तहले आफ्नै आन्तरिक स्रोत वृद्धि गर्न गरेका प्रयास र सम्भावनाहरूको खोजी गर्न। | करको दायरा विस्तार, गैर-कर राजस्वको सम्भाव्यता र राजस्व प्रशासनको सुधार। | स्थानीय वित्त विशेषज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता, |
| १३ | **वित्तीय संघीयतामा 'ठाडो र तेर्सो" (Vertical and Horizontal Gap) असन्तुलन** | सरकारका तहहरूबीचको स्रोत र जिम्मेवारीको खाडल (Imbalance) कम गर्ने उपायहरू पहिल्याउन। | वित्तीय निक्षेपणको अवस्था र विभिन्न प्रदेश/स्थानीय तहबीचको आर्थिक असमानताको मापन | सार्वजनिक वित्त विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता, |

| | | | | |
|---|---|---|---|---|
| | | | (Gini Coefficient प्रयोग गरी)। | |
| १४ | **राजस्व अधिकार र अन्तर-सरकारी कर द्वन्द्व** | साझा सूचीका अधिकार र कर संकलनमा देखिएका दोहोरोपन र क्षेत्राधिकारका विवादहरू समाधान गर्न। | घरबहाल कर, विज्ञापन कर र ढुंगा-गिट्टी-बालुवा शुल्कमा देखिएका समस्या र न्यायिक व्याख्या। | वित्त कानुन विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता |
| १५ | **सार्वजनिक वित्त व्यवस्थापन (PFM) सुधार र मार्गचित्र** | वित्तीय अनुशासन कायम गर्न र खर्चको गुणस्तर बढाउन सबै तहमा PFM सुधारको आवश्यकता औंल्याउन। | PEFA ढाँचामा आधारित सुधार, खर्चको प्राथमिकीकरण र नतिजामुखी बजेट प्रणाली। | PFM विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता |
| १६ | **प्रदेश र स्थानीय तहको लेखा प्रणाली, SUTRA प्रणालीको प्रभावकारिता तथा प्रविधिगत रुपान्तरण** | स्थानीय तहको वित्तीय रिपोर्टिङलाई प्रविधिमैत्री र अन्तर्राष्ट्रिय मापदण्ड अनुसार बनाउन। | विद्यमान लेखाप्रणालीको सान्दर्भिकता,SUTRA को पूर्ण कार्यान्वयन, पूर्ण डिजिटाइजाशन र एकीकृत वित्तीय विवरण। | लेखा विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता |
| १७ | **प्रदेश तथा स्थानीय तहको खर्च गर्ने क्षमता र चुनौती** | बजेट विनियोजन र वास्तविक खर्चबीचको अन्तर कम गर्ने उपायहरू पहिचान गर्न। | जनशक्ति अभाव, खरिद व्यवस्थापनका समस्या र कार्यान्वयन क्षमता विकासका रणनीति। | स्थानीय वित्त विज्ञ यस विषयका खोज अनुसन्धान कर्ता, |
| १८ | **वित्तीय संघीयताको प्रभावकारिताका लागि लेखापरीक्षण र बेरुजू व्यवस्थापनको भूमिका** | वित्तीय जवाफदेहिता सुनिश्चित गर्न र अनियमितता न्यूनीकरणका लागि सुधारात्मक कदम चाल्न। | महालेखा परीक्षकको प्रतिवेदनको प्रवृत्ति विश्लेषण, बेरुजू फर्स्यौटको अवस्था र आन्तरिक नियन्त्रण प्रणाली। | लेखा विज्ञ यस विषयका खोज अनुसन्धान कर्ता, |

| | | | | |
|---|---|---|---|---|
| १९ | **वर्तमान योजना प्रणालीको प्रभावकारिताका लागि मध्यमकालीन खर्च संरचना (MTEF) को भूमिका,महत्व** | योजना र बजेटबीच तादम्यता मिलाउन र सम्भावित वित्तीय जोखिमको पूर्व आँकलन गर्न। | MTEF को स्थानीयकरण, वित्तीय जोखिम विश्लेषण (Fiscal Risk Analysis) र बजेटको दिगोपना। | योजना तथा बजेट विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता |
| २० | **पूँजीगत खर्चको प्रवृत्ति र गुणस्तर अभिवृद्धिका रणनीतिक उपाय** | पूर्वाधार निर्माणमा हुने खर्चको उत्पादकत्व र गुणस्तर सुनिश्चित गर्न। | असारे विकासको प्रवृत्ति, ठेक्का व्यवस्थापन र पुँजीगत खर्चले सिर्जना गरेको रोजगारी र पूँजी निर्माणको समीक्षा। | पूर्वाधार विज्ञ यस विषयका खोज अनुसन्धान कर्ता, |
| २१ | **राजस्व, खर्च र आन्तरिक ऋणको अन्तरसम्वन्ध, ऐतिहासिक सिंहावलोकन, सीमा र मापदण्ड निर्धारण,हाम्रा अभ्यास** | प्रदेश र स्थानीय सरकारहरूले लिन सक्ने ऋणको सीमा र त्यसको आर्थिक प्रभाव विश्लेषण गर्न। | वित्त अन्तर, ऋण लिन पाउने संवैधानिक व्यवस्था, सीमा निर्धारणका आधार र राष्ट्रिय ऋण नीतिसँगको सामञ्जस्यता, आन्तरिक र बाह्य ऋणमा नीतिगत प्रथामिकता। | सार्वजनिक ऋण विज्ञ यस विषयका खोज अनुसन्धान कर्ता, |
| २२ | **प्रदेश र स्थानीय सरकारको आन्तरिक ऋण परिचालन र जोखिम,अभ्यास, हाल सम्मको उपलब्धी ।** | प्रदेश र स्थानीय तहको ऋण वहन गर्न सक्ने क्षमता र ऋण उपयोगको उत्पादकत्व परीक्षण गर्न। | ऋण परिचालनको क्षेत्र, सावाँ-ब्याज भुक्तानीको दायित्व र सम्भावित 'Default' जोखिमको व्यवस्थापन। | सार्वजनिक वित्त विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता |

| | | | | |
|---|---|---|---|---|
| २३ | **स्थानीय विकासमा उपभोक्ता समितिको भूमिका, समस्या, चुनौति र भविष्यको बाटो** | स्थानीय विकासमा उपभोक्ता समितिको भूमिकाको परीक्षण गर्न। | हालका नीतिगत व्यवस्थाको सिंहावलोकन, कार्यान्वयनको अवस्था, प्रभावकारिता र सान्दर्भिकता। | अर्थ विज्ञ / नीति विश्लेषक, पूर्वाधार विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता जनप्रतिनिधि, |
| २४ | **वित्तीय पारदर्शिता र नागरिक समाजको भूमिका** | बजेट निर्माण र खर्च प्रक्रियामा नागरिकको सहभागिता र निगरानी बढाउन। | सामाजिक परीक्षण (Social Audit), सार्वजनिक सुनुवाइ र नागरिक बजेट (Citizens' Budget) को अभ्यास। | नागरिक समाजका अगुवा / पारदर्शिता विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता |
| २५ | **विपद व्यवस्थापन, जलवायु वित्त (Climate Finance) र हरित संघीयता,यसको भविष्य, तिनै तहमा बाँडफाँडको सम्भावना,** | विपदजन्य घटनाको न्यूनिकरण, जलवायु परिवर्तनको जोखिम सामना तथा वित्तीय स्रोतको न्यायोचित परिचालन गर्न। | उत्थानशील समुदायको विस्तार, हरित बजेटिङ, जलवायु अनुकूलन अनुदान र स्थानीय तहमा जलवायु वित्तको मूलप्रवाहीकरण। | जलवायु वित्त विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता |
| २६ | **समावेशी विकासः अवधारणा, अभ्यास र भविष्यको मार्गदर्शन** | विकासको प्रतिफलमा सबै लिंग र वर्गको समान पहुँच सुनिश्चित गर्न। | समावेशीकरणका सूचकहरू, लक्षित बजेटको प्रभावकारिता र समावेशी विकासको तथ्याङ्कीय विश्लेषण। | लैङ्गिक तथा विकास विज्ञ यस विषयका खोज अनुसन्धान कर्ता, जनप्रतिनिधि |
| २७ | **विपद् जोखिम वित्त व्यवस्थापन** | विपद्को समयमा तत्काल वित्तीय स्रोत उपलब्ध गराउने संयन्त्रको विकास गर्न। | विपद् व्यवस्थापन कोषको परिचालन, बीमा र आकस्मिक वित्तीय योजना (Contingency Planning)। | विपद् व्यवस्थापन विज्ञ |

| | | | | |
|---|---|---|---|---|
| २८ | **वित्तीय संघीयताका अन्तर्राष्ट्रिय असल अभ्यास,हाम्रो अवस्था हाम्रोमा प्रयोग,** | विश्वका सफल संघीय मुलुकहरूका अनुभवबाट नेपाली सन्दर्भमा सुधारका उपायहरु सुझाउन। | OECD देशहरू, भारत र अष्ट्रेलियाको राजस्व बाँडफाँट र अनुदान मोडलको तुलनात्मक अध्ययन। | अन्तर्राष्ट्रिय मामिला र वित्त विज्ञ यस विषयका खोज अनुसन्धान कर्ता, जनप्रतिनिधि |
| २९ | **अन्तर-सरकारी समन्वय संयन्त्रहरूको प्रभावकारिता** | तीन तहका सरकारबीचको नीतिगत र कार्यान्वयनगत द्वन्द्व समाधान गर्न। | राष्ट्रिय समन्वय परिषद् र प्रदेश समन्वय परिषद्को भूमिका र प्रभावकारिताको मूल्याङ्कन। | प्रशासनविद् / समन्वय विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता, जनप्रतिनिधि |
| ३० | **नेपालको सर्वांगीण विकासमा प्रदेश तथा स्थानीय सरकारको भूमिका** | नगरपालिका, गाँउपालिका र प्रदेशहरुले राष्ट्रिय विकासमा खेलेको भूमिका उजागर गर्न। | राष्ट्र विकासमा प्रदेश तथा स्थानीय विकासको महत्व, हालका नीतिगत तथा कार्यान्वयनगत सहकार्य, समन्वय र साझेदारीको अवस्था, भावी दिशानिर्देश। | वित्तीय संघीयता विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता, संघीयता विज्ञ,जनप्रतिनिधि |
| ३१ | **नेपालमा आयोजना व्यवस्थापनको प्रभावकारिताको लागि वातावरणीय प्रभाव मूल्यांकनको भूमिका** | वातावरणमैत्री दिगो विकास र आयोजना व्यवस्थापनमा वातावरणीय प्रभाव मूल्यांकनको पक्ष उजागर गर्न। | दिगो विकास, प्रभावकारी आयोजना व्यवस्थापन, वातावरणीय परीक्षण, हालका अभ्यास, अन्तर र भावी कार्यदिशा। | वातावरणविद/प्राविधिक विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता, जनप्रतिनिधि |
| ३२ | **प्राकृतिक स्रोतमा तिनै तहका सरकार विच लगानी र प्रतिफल, प्रतिफलको हिस्सा** | नयाँ विषय हो, नेपालमा हाल सम्म अभ्यासमा छैन। कसरी यसलाई लैजान सकिन्छ ? स्रोत साधन हुने एक सरकारले अर्को सरकारको क्षेत्रमा | **प्राकृतिक स्रोतमा संघिय ईकाइ विच लगानी र प्रतिफल, प्रतिफलको हिस्सा आपसमा** | वातावरणविद/प्राविधिक विज्ञ, यस विषयका खोज अनुसन्धान कर्ता, अर्थ विज्ञ / नीति विश्लेषक, पूर्वाधार विज्ञ । जनप्रतिनिधि, |

| | | | | |
|---|---|---|---|---|
| | **आपसमा बाँडफाँट,नेपालमा कसरी गर्न सकिन्छ आदि** | लगानी गर्ने, हिस्सा कसरी वाँडफाड आदि। | **वाँडफाँड,अन्तराष्ट्रिय अभ्यास ,** | |
| ३३ | **यस आयोगको भविष्यको मार्गचित्र र यसमा पुग्न नीतिगत सुझाव** | वित्तीय संघीयतालाई थप सुदृढ र नतिजामुखी बनाउन स्पष्ट दिशा निर्देश गर्न। | छोटो र दीर्घकालीन सुधारका एजेन्डाहरू र आगामी रणनीतिक कदमहरू। | सम्पादकीय समिति / NNRFC |
| ३४ | **F**iscal Gap सम्बन्धी खोज तथा अनुसन्धानमूलक लेख रचना, बाह्य अभ्यास तथा नेपालमा प्रयोग । | अनुदान प्रणालीलाई थप वैज्ञानिक वनाउन | | यस विषयका खोज अनुसन्धान कर्ता, अर्थ विज्ञ / नीति विश्लेषक, पूर्वाधार विज्ञ । जनप्रतिनिधि आदि |
| ३५ | **नेपाली समाजको एकिकरण(social integration of Nepalese societies)** | नेपाली समाज लाई एक आपसमा जोड्ने आयमहरूको पहिचाहन गर्ने, र यि आयममा जोडदिई नेपाली समाजको विकास गर्न एकिकरणका बाधक तत्वहरू हटाउन। | | समाजशास्त्री, राजनितिकर्मि, जनप्रतिनिधि, खोज अनुसन्धान कर्ता, विषय विज्ञ,प्रसासन विद् । |
| माथि उल्लेखित विषयमा आफ्ना लेख, रचना, खोज अनुसन्धान,दिन विषय विज्ञ,खोज अनुसन्धान कर्ता, राजनितिकर्मी,जनप्रतिनिधि, अनुसन्धान गर्दै गरेका विद्यार्थी सवैमा खुला रहने छ । | | | | |